# मिति २०८३/०१/२२ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरिएको मुद्दाको विवरण

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु कमल प्रसाद पौडेल, मान बहादुर ठाडा मगर, विजय कुमार खत्री, मोतिलाल प्रसाद, शिशिर कुमार खड्का, पिताम्बर पौडेल, उज्जवलर रावत,सन्तोष तिवारी,जीवन सोमै,छविलाल सुनार,हरिबहादुर बुढा क्षेत्री, नवराज ढकाल र भिम बहादुर बुढा क्षेत्री (विशेष अदालतको मुद्दा नं. ०८०-CR-०१७६,फैसला मिति २०८१/७/२५ आयोगको | भेरीगंगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय छिन्चु सुर्खेतका नगर प्रमुख लगायतले आ.व. २०७६/०७७ को नदीजन्य पदार्थहरु ढुङ्गा बालुवा ठेक्का दिँदा कानुन मिची आर्थिक अनियमितता गरेको भन्ने समेत व्यहोराको उजुरी निवेदन उपर छानविन गरी थप अनुसन्धान पश्चात निज प्रतिवादीहरु कमल प्रसाद पौडेल, मान बहादुर ठाडा मगर, विजय कुमार खत्री, मोतिलाल प्रसाद, शिशिर कुमार खड्का, पिताम्बर पौडेल, उज्जवलर रावत,सन्तोष | क. **भेरीगंगा नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत कमल प्रसाद पौडेल र तत्कालिन लेखा अधिकृत मान बहादुर ठाडा मगरलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसूरमा बिगो रु.३६,७८,५४३।२४ (अक्षेरुपी छतिस लाख अठहत्तर हजार पाच सय त्रिचालिस रुपैयाँ चौबिस पैसा) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम हानीनोक्सानी भएको बिगो रु.३६,७८,५४३/२४(अक्षेरुपी छतिस लाख अठहत्तर हजार पाच सय त्रिचालिस रुपैयाँ चौबिस पैसा) समेत निज प्रतिवादीहरुबाट असूल उपर हुन साथै प्रतिवादी मान बहादुर ठाडाले सोही ऐनको दफा ९ र दफा १९(२) बमोजिमको कसुर समेत गरेको देखिंदा निज प्रतिवादीलाई सोही ऐनको दफा ९ र दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन समेत मागदाबी लिइएको देखिन्छ।<br>**ख. भेरीगंगा नगरपालिका सुर्खेतका** | **फैसलाः**<br>विशेष अदालतबाट मिति २०८१/०७/२५ मा प्रतिवादीहरु कमल प्रसाद पौडेल समेत जना १३ लाई आरोपदावी बमोजिमको कसूरबाट सफाई पाउने ठहर भई फैसला भएको देखिन्छ।<br><br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>**क.**प्रतिवादीहरुले नदीजन्य पदार्थहरु ढुङ्गा बालुवा ठेक्का दिँदा बदनियतपूर्वक वा लापरवाही गरी नगरपालिकालाई हानी नोक्सानी पुर्‍याएको नदेखिएको।<br>**ख.** प्रतिवादीहरु हरि बहादुर बुढा क्षेत्री, नवराज ढकाल र भिम बहादुर बुढा क्षेत्रीको हकमा मुल कसुरदार उपरको कसूर स्थापित हुन नसकेको अवस्थामा मतियारको कसुर स्थापित हुन सक्ने नदेखिको। | **विशेष अदालत काठमाडौंबाट प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला देहायको आधार र कारणबाट उक्त फैसला बदरभागी रहेको छः-**<br>**(क)** प्रस्तुत मुद्दामा आरोप दावी बमोजिमको भ्रष्टाचारजन्य कसूर वारदात भएको देखिन्छ देखिदै भन्ने सन्दर्भमा मिशिल संलग्न **तथ्य, प्रमाण र कानूनको अध्ययन विश्लेषण गरि हेर्दाः** भेरीगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालयले आ.व.२०७६/०७७ मा नदीजन्य पदार्थहरु उत्खन्न कार्यको लागि मिति २०७६/०६/०१ को सूचना मार्फत् ३० दिनको म्याद राखी भेरीनदी गोछेखोलाको नदीजन्य पदार्थहरु उत्खनन् तथा संकलन र विक्रि वितरण कार्य ठेक्का नं.४ र छिन्चुखोला र डुङ्गिखोला बाट नदीजन्य पदार्थहरु उत्खन्न तथा संकलन र विक्रि वितरण कार्यको लागि ठेक्का नं. ५ राष्ट्रियस्तरको खुल्ला बोलपत्रको माध्यमबाट आह्वान गरिएको देखिन्छ। यसरी एउटै सूचनामा आह्वावन गरिएको दुईवटा ठेक्काको मिति २०७६।०७।०१ गतेको दिन शिलबन्दी दरभाउपत्रहरु खोली खरिद मूल्यांकन समितिले दुवै ठेक्काको मूल्यांकन गरी ४ नं. ठेक्कामा पहिलो स्थानमा मूल्यांकन भएका न्यू हरि निर्माण सेवालाई र ठेक्का नं. ५ मा पहिलो स्थानमा मूल्यांकन भएका स्टार कन्सट्रक्सनलाई दरभाउपत्र स्वीकृत गरी सम्झौता गर्न सिफारिस गरेको र सो बोलपत्र स्विकृत गर्ने आशयको लागि मिति २०७६/०७/०६ मा सूचना निकालेको देखिन्छ। ठेक्का नं.४ मा पहिलो स्थानमा छनोट भएको न्यू हरि निर्माण सेवाले मिति २०७६/०७/१७ को पत्रबाट विविध व्यक्तिगत समस्याको कारण देखाउँदै सो निर्माण सेवाले ठेक्का नम्बर ४ को लागि कबोल गरेको रकम रु.७९,६७,६३०/- मुल्य अभिवृद्धि कर सहितको रकममा सम्झौता गर्न नसक्ने जानकारि गराएको देखिन्छ। सो ठेक्का नं.४ को लागि दोस्रो स्थानमा मूल्यांकन भएको नवराज कन्सट्रक्सनसँग रकम रु ६३,९०,७८२/८० मा मिति २०७६/०८/०१ गते सम्झौता गरेको देखिन्छ। त्यसै गरि ठेक्का नं.५ मा पहिलो स्थानमा मूल्यांकन भएका स्टार कन्सट्रक्सनले मिति २०७६/०७/२५ गतेका दिन "आर्थिक समस्या" देखाई सम्झौता गर्न नसक्ने निवेदन दिए पछि दोस्रो र तेस्रो बढी रकम कबोल गर्ने बोलपत्रदातालाई अवसर नदिई सिधै *चौंथो स्थानमा मूल्यांकन भएको* ठेक्का नम्बर ४ मा सम्झौता गर्न ईन्कार गर्ने न्यू हरि निर्माण सेवा सँग मिति २०७६।०७।२८ गतेमा सम्झौता गरिएको देखिन्छ। सोको भोलि पल्ट भेरीगंगा नगरपालिका कार्यालयले न्यू हरि निर्माण सेवालाई पत्राचार गरी त्यसमा कुनै कारण उल्लेख नगरी सम्झौता रद्द गरिएको जानकारी गराएको देखिन्छ।तथापि सम्बन्धित कर्मचारीले दोस्रो स्थानमा मूल्यांकन भएका नवराज कन्सट्रक्सन र तेस्रो स्थानमा मूल्यांकन भएका एञ्जल कन्सट्रक्सनले ठेक्का सम्झौता गर्न इन्कार गरेको देखाई उक्त ठेक्का नम्बर ५ मा पुन: सोही न्यू हरि निर्माण सेवा सँग मिति २०७६।०८।०३ का दिन सम्झौता गरेको देखिन्छ,<br>**(ख)** न्यू हरि निर्माण सेवाले ठेक्का नं.४ मा पहिलो स्थानमा मूल्यांकन भई मिति २०७६/०७/१७ मा सम्झौता नगरेकाले प्रचलित कानून बमोजिम बैंक जमानत जफत गरि कालोसूचिको लागि प्रकृया अगाडी बढाउन सकिनेमा तत्काल सो कारबाही नगरी ढिलो गरि मिति २०७७/११/०७.मा बैक जमानत जफत गरेको र सार्वजनिक खरिद अनुगमन कार्यालयको मिति २०७९/०८/०६ को चलानी नम्बर ४९९ को पत्रबाट उक्त निर्माण सेवाहरुलाई कालोसूचिको लागि भेरीगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालयले कुनै पनि प्रकृया अगाडी बढाईको छैन भनी जानकारी प्राप्त भएकोवाट पहिलो स्थानमा मूल्यांकन भएको न्यू हरि निर्माण सेवाका प्रोपाइटर हरि बहादुर बुढा क्षेत्री, भेरीगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा तत्कालिन समयमा कार्यरत यि राष्ट्रसेवक प्रतिवादीहरु र दोस्रो स्थानमा मूल्यांकन भएको नवराज कन्सट्रक्सनका प्रोपाइटर नवराज ढकाल समेतले मिलेमतो गरि |

| | | | | | |
|---|---|---|---|---|---|
| | | तिवारी,जीवन सोमै,छविलाल सुनार,हरिबहादुर बुढा क्षेत्री, नवराज ढकाल र भिम बहादुर बुढा क्षेत्री उपर विशेष अदालत समक्ष मुद्दा दायर भएको। | **तत्कालिन ईन्जिनियर बिजय कुमार खत्री, सब ईन्जिनियर मोतिलाल प्रसाद, योजना अधिकृत शिशिर कुमार खडका, प्रशासकिय अधिकृत पिताम्बर पौडेल, प्राविधिक सहायक उज्जवल रावत, खरिदार सन्तोष तिवारी, लेखापाल जीवन सोमै र सह लेखापाल छविलाल सुनारलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कसुरमा निज प्रतिवादीहरुलाई साही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवानाको सजाय हुन मागदाबी लिइएको देखिन्छ।<br>**ग.न्यू हरि निर्माण सेवा सुर्खेतका प्रोपाइटर हरि बहादुर बुढा क्षेत्री र नवराज कन्स्ट्रक्सनका प्रोपाइटर नवराज ढकाललाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्यको लाभ प्राप्त गर्ने गराउने मतियार भई कार्य गरेको देखिंदा सोही ऐनको दफा २२ बमोजिमको कसुरमा निज प्रतिवादीहरु हरि बहादुर बुढा क्षेत्री तथा नवराज ढकाललाई बिगो रु.३६,७८,५४३।२४ (अक्षेरुपी छतिस लाख अठहत्तर हजार पाच सय त्रिचालिस रुपैयाँ चौबिस पैसा) कायम गरी ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम हुने सजायलाई आधार | | वदनियतपुर्वक पहिलो मुल्यांकन भएको न्यू हरि निर्माण सेवाले कबोल गरेको रु.७९,६७,६३०/- (मुल्य अभिवृद्धि कर सहित) रकम भन्दा कम दोस्रो स्थानमा मूल्यांकन भएको नवराज कन्सट्रक्सनसँग रकम रु ६३,९०,७८२/८० (मुल्य अभिवृद्धि कर सहित) मा संझौता गरि रु. १५७६८४७.२० घटी राजस्व असुल गरि भेरीगंगा नगरपालिकालाई नोक्सानी पुर्याएको अवस्था देखिदा देखिदै सो प्रमाणको मुल्यांकन नगरि गलती गर्ने प्रतिवादीहरुलाई सफाई दिने ठहर गरि भएको फैसला प्रमाण मुल्यांकनको रोहमा र प्रत्येक ब्यक्तिले आफुले गरेको गलत कार्यको परिणाम आफै बेहोर्नु पर्नेछ भन्ने न्यायिक सिद्धान्त समेतको आधारमा उक्त शुरु विशेष अदलतको फैसला त्रुटीपुर्ण देखिदा बदर भागी छ।<br>**(ग)** त्यसै गरि ठेक्का नं.५ मा पहिलो स्थानमा मूल्यांकन भएका स्टार कन्सट्क्सनले रु.९१,१९,९७८।०१ कवोल गरी सो बोलपत्र स्विकृत गर्ने आशयको सूचना समेत निकालेको अवस्थामा उक्त स्टार कन्सट्रक्सनले मिति २०७६/०७/२५ गतेका दिन आधार कारण विना "आर्थिक समस्या" देखाई सम्झौता गर्न नसक्ने भनि निवेदन दिएको देखिन्छ। सो पश्चात दोस्रो वढी कबोल गर्ने नवराज कन्स्ट्रक्सनले रु. ८६,५१,१५१.१८ र तेस्रो बढी रकम कबोल गर्ने एन्जल कन्सट्रक्सनले रु. ८०,५२,३८०.००, लाई अवसर नदिई सिधै *चौथो स्थानमा मूल्यांकन भएको* ठेक्का नम्बर ४ मा समेत सम्झौता गर्न ईन्कार गर्ने न्यू हरि निर्माण सेवा सँग निजले कबोल गरेको रु. ६५,४९,४५५.१४ मा मिति २०७६।०७।२८ गतेमा सम्झौता गरिएको देखिन्छ।यि प्रतिवादीहरुले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (५) ले निर्दिष्ट गरेको व्यवस्था विपरित मूल्यांकन समितिको मिति २०७६।०७।२७ गतेको बैठकले ठेक्का नं. ५ मा सबभन्दा अधिकतम कबोल अंक रु.९१,१९,९७८।०१ कवोल गर्ने स्टार कन्सट्क्सनले ठेक्का लिन अस्वीकार गरे पश्चात आवश्यक कारबाही गरी उक्त ठेक्का स्टार कन्सट्रक्सनको लगतै पछिको अर्को दोस्रो बढी कबोल रु.८६,५१,१५१।१८ मा गर्ने नवराज कन्सट्रक्सन सँग सम्झौता गर्नुको सट्टा रु.६५,४९,४५५।१४ (मु.अ.कर सहित) मात्र कबोल गर्ने न्यू हरि निर्माण सेवालाई दोस्रो बढी कबोलेको भनि सम्झौता गर्न सिफारिस गरेको र सोहिअनुसार बदनियत राखी सम्झौता पनि सम्पन्न भएको देखिन्छ। समयमा सम्झौता गर्न ईन्कार गर्ने स्टार कन्सट्रक्सनलाई जमानत जफत गरि प्रचलित कानून बमोजिम आवश्यक कारबाही गर्ने निर्णय मिति २०७६।०७।२७ मा गरेपनि मिति २०७६।०९।०४ मा मात्रै धरौटी जफत गरि ठेक्का साटफेर गर्न मद्दत पुर्याएको देखिन्छ।यसरी यि प्रतिवादीहरुले पहिलो स्थानमा मूल्यांकन भएको स्टार कन्सट्रक्सनले कबोल गरेको रु.९१,१९,९७८।०१ को ठेक्कालाई बदनियत पुर्वक साटफेर गरी पाचौ स्थानमा मुल्यांकन भएको हरि निर्माण सेवाले कबोल गरेको रु. ६५,४९,४५५.१४ मा संझौता गरि भेरीगंगा नगरपालिकालाई रु. २५,७०,५२२।८७ नोक्सानी पुर्याएको अवस्था देखिदा देखिदै उक्त प्रमाणको मुल्यांकन नगरि कानून ब्याख्याको छिद्र प्रयोग गरि प्रतिवादीहरुलाई आरोप दावीवाट सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिदा बदर भागी छ।<br>**(घ)** उपरोक्त ठेक्का नं.४ र ५ मा बोलपत्र पेश गरेर सम्झौता गर्न नआएका बोलपत्रदाताहरुलाई प्रचलित कानून अनुसार कारबाही गरे नगरेको सम्वन्धमा हेर्दा नगरपालिका कार्यालयको पत्रमा "*समयमा सम्झौता गर्न नआएका फर्महरुलाई सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ अनुसार धरौटी जफत गरी सार्वजनिक खरिद अनुगमन कार्यालयमा कालोसूचीमा राख्ने प्रस्ताव गरिएको*" र "*फर्महरुलाई कालोसूचीमा राख्न तोकिएको ढाँचामा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई पत्राचार गरिएको*" भनि लेखी पठाए तापनि सो कार्यालयको पत्र चलानी किताबमा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई आ.व.०७६।०७७ मा कुनै पत्र चलानी गरिएको नदेखिएको साथै सार्वजनिक खरिद अनुगमन कार्यालयले*ती कम्पनीहरुलाई कालोसूचीमा राख्न पत्राचार नभएको* भन्ने व्यहोराको पत्र यस आयोगमा प्राप्त भएको देखिएकोवाट प्रतिवादीहरुको बदनियत थप पुष्टि भएको देखिन्छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उपदफा (१)(ख) मा स्विकृतिको लागि छनौट भएको बोलपत्रदाता वा प्रस्तावदाता खरिद सम्झौता गर्न नआएमा सार्वजनिक खरिद अनुगमन कार्यालयले एक वर्षदेखि तीन वर्षसम्म कालोसूचिमा राख्न |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदारलाई हुने सजाय सरह प्रतिवादीहरु हरि बहादुर बुढा क्षेत्री तथा नवराज ढकाललाई सजाय गरी बिगो रु.३६,७८,५४३/२४ (अक्षेरुपी छतिस लाख अठहत्तर हजार पाच सय त्रिचालिस रुपैयाँ चौबिस पैसा) समेत असूल उपर हुन मागदाबी लिइएको देखिन्छ।<br>**घ. एञ्जल कन्सट्रक्सन, वीरेन्द्रनगर-१०, सुर्खेतका प्रोपाइटर भिम बहादुर बुढा क्षेत्रीकोलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्यको मतियार भई कार्य गरेको देखिंदा सोही ऐनको दफा २२ बमोजिमको कसुर भएको हुदाँ निज प्रतिवादी भिम बहादुर बुढा क्षेत्रीलाई बिगो रु.२१,०१,६९६।०४ (अक्षेरुपी एकाईस लाख एक हजार छ सय छयानब्बे रुपैयाँ चार पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ बमोजिम मुख्य कसुरदारलाई हुने सजाय बराबर सजाय गरी बिगो रु.२१,०१,६९६।०४ (अक्षेरुपी एकाईस लाख एक हजार छ सय छयानब्बे रुपैयाँ चार पैसा) समेत असूल उपर हुन समेतको मागदावी लिई विशेष अदालत काठमाडौंमा | | सक्ने प्रावधान रहेको भए तापनि सम्बन्धित कर्मचारिले ठेक्का नम्बर ४ ईन्कार गर्ने न्यू हरि निर्माण सेवालाई कालोसूचिको लागि सिफारिस नगरि ठेक्का नम्बर ५ गर्न सिफारिस गरेको र ठेक्का नम्बर ५ ईन्कार गर्ने स्टार कन्सट्रक्सनलाई समेत कालोसूचिको लागि पत्र लेखेको भनिएपनि चलानि किताबबाट पत्र लेखिएको नदेखिएको अवस्था छ।साथै सार्वजनिक खरिद अनुगमन कार्यालयलेसमेत नगरपालिकाबाट कम्पनीहरुलाई कालोसूचीमा राख्न पत्राचार नभएको जनाएको देखिन्छ।<br>(ङ) भेरीगंगा नगरपालिकाका तत्कालिन प्रमुख प्रशासकीय अधिकृत **कमल प्रसाद पौडेल,** लेखा अधिकृत तथा तत्कालिन खरिद मूल्यांकन समितिका संयोजक **मानबहादुर ठाडामगर,** इन्जिनियर तथा तत्कालिन खरिद मूल्यांकन समितिका सदस्य **विजय कुमार खत्री,** अधिकृत छैठौं तथा खरिद मूल्यांकन समितिका सदस्य **शिशिर कुमार खड्का, पिताम्बर पौडेल, मोतीलाल प्रसाद, सन्तोष तिवारी,** भेरीगंगा नगरपालिकाका तत्कालिन लेखापाल **जीवन सोमै,** असिस्टेन्ट सब इन्जिनियर प्राविधिक सहायक **उज्जवल रावत,** तत्कालिन सहलेखापाल **छविलाल सुनार समेत**ले अधिकार प्राप्त अधिकारी समक्ष वयान गर्दा ठेक्का नं.४ मा बढी रकम कबोल गर्ने न्यू हरि निर्माण सेवाले सम्झौता गरी काम गर्न नसक्ने लिखित जानकारी दिएकोले दोस्रो बढी कबोल गर्ने नवराज कन्स्ट्रक्सन सँग सम्झौता भएको, ठेक्कामा छनौट भई काम गर्न नसक्ने न्यू हरि निर्माण सेवालाई सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम निजको धरौटी जफत गरी कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाएको, ठेक्का नं.५ मा बढी रकम कबोल गर्ने क्रमशः स्टार कन्सट्रक्सन, नवराज कन्सट्रक्सन र एन्जल कन्सट्रक्सनले के कति कारणले सम्झौता गर्न इन्कार गरेका हुन निजहरुलाइ कालोसूचीमा राख्ने वा नराख्ने अन्तिम निकाय सार्वजनिक खरिद अनुगमन कार्यालय भएको, सार्वजनिक खरिद अनुगमन कार्यालयवाट निर्णय भएर आउँदा सम्म निर्माण सामग्रीको चाप थेग्न नसकिने वातावरण सिर्जना भएको, ट्रिपर, ट्याक्टर व्यवसायीहरुले पटक पटक कार्यालय घेराउ गरी दबाब दिएको कारण चौँथो बढी कबोल गर्ने फर्म सँग सम्झौता भएको भन्ने समेत व्यहोरा उल्लेख गरि कसूरमा इन्कार भई बयान गरेतापनि भेरी नदी गोछेखोलाको नदीजन्य पदार्थहरु उत्खनन् तथा संकलन र विक्रि वितरण कार्य ठेक्का नं.४ र छिन्चुखोला र डुङ्गिखोला बाट नदीजन्य पदार्थहरु उत्खन्न तथा संकलन र विक्रि वितरण कार्यको लागि ठेक्का नं.५ को मूल्यांकन तथा सम्झौतामा धेरै रकम कबोली अघिल्लो स्थानमा मूल्यांकन भएका बोलपत्रदाताहरुले ठेक्का सम्झौता नगरेको र यसरी ठेक्का सम्झौता नगर्ने बोलपत्रदाताहरुलाई कालोसूचीमा समेत राखी कारबाही गर्नुको साटो उल्टै अर्को ठेक्कामा सम्झौता गर्ने, पहिलो स्थानकाले बोलपत्र सम्झौता नगरेपछि सिधै चौँथो स्थानका सँग सम्झौता गर्ने र पछि दोस्रो र तेस्रो स्थानमा मूल्यांकन भएकासँग समेत मिलि भगत गरी सम्झौता गर्न इन्कार गरेको देखाई पुनः सोहि चौथो स्थानको बोलपत्रदातासँग सम्झौता गर्ने कार्य गरेको देखिन्छ। उल्लेखित विवेचित अवस्थाबाट बोलपत्रदाताहरुको आपसी मिलोमतो पुष्टि भई रहेको अवस्था देखिदा उक्त कार्य सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३६ बमोजिम खरिद प्रकृया रद्द गर्नु पर्नेमा प्रतिवादीहरुको आपसी मिलोमतोमा भएको उक्त कार्यवाट ठेक्का नं. ४ मा पहिलो हुने न्यू हरि निर्माण सेवाले रु.७९,६७,६३०।०० मा कबोल गरेको भएपनि दोस्रो स्थानमा मूल्यांकन भएको नवराज कन्स्ट्रक्सनले कबोल गरेको रु.६३,९०,७८२.८० मा सम्झौता गरी गराई रु.१५,७६,८४७।२० सरकारी राजस्व हानीनोक्सानी गरे गराएको पुष्टि भएको देखिन्छ।त्यस्तै ठेक्का नं. ५ मा रु.९१,१९,९७८।०१ कबोल गरेको स्टार कन्स्ट्रक्सनले ठेक्का अस्वीकार गरे पश्चात दोस्रो र तेश्रो अधिकतम रकम कबोललाई ठेक्का नदिई एकैचोटी चौथो अधिकतम रकम कबोल गर्ने न्यू हरि निर्माण सेवासँग रु.६५,४९,४५५.१४ मा सम्झौता गरी उक्त संझौता तुरुन्त रद्द गरेको देखाई निजबाट सम्झौता बापतको रु३२,७४,७२८/- राजस्व समेत दाखिला गरिसकेको अवस्थामा पुनः दोश्रो र तेश्रो अधिकतम कवोल गर्नेसँगको मिलेमतोमा संझौता गर्न ईन्कार गरेको देखाई पुनः चौथो अधिकतम रकम कवोल गर्ने न्यू हरि निर्माण सेवासँग नै संझौता गरी रु.२१,०१,६९६.०४ सरकारी राजस्व हानी नोक्सानी गरी गराई **कुल रु.३६,७८,५४३।२४ (अक्षेरुपी छतिस लाख अठहत्तर हजार पाँच सय त्रिचालिस रुपैयाँ चौबिस पैसा मात्र)** भेरीगंगा नगरपालिकाको राजस्व हानी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मुद्दा दायर भएको। | | नोक्सानी पुर्याएको तथ्य पुष्टि भएको देखिदा देखिदै सो तथ्यलाई अनदेखा गरि प्रतिवादीहरुलाई आरोप दावीवाट सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिदा बदर भागी छ।<br>**(च)** प्रस्तुत मुद्दामा भेरीगंगा नगरपालिका नगर कार्यपालिकाका तत्कालिन प्रमुख प्रशासकीय अधिकृत **प्रतिवादी कमल प्रसाद पौडेल** भेरीगंगा नगरपालिकाको आ.व.०७६/०७७मा नदीजन्य पदार्थहरु ठेक्का ठेक्का बन्दोबस् गर्ने, सम्झौता गर्ने समेतका उक्त ठेक्का कार्यमा निर्णायक भुमिकामा संलग्न रहेको देखिन्छ। सोही पालिकामा कार्यरत लेखा अधिकृत तथा तत्कालिन खरिद मूल्यांकन समितिका संयोजक प्रतिवादी मान बहादुर ठाडा मगर, पालिकामा कार्यरत इन्जिनियर तथा तत्कालिन खरिद मूल्यांकन समितिका सदस्य प्रतिवादी विजय कुमार खत्री, सोही पालिकामा कार्यरत अधिकृत छैठौं तथा खरिद मूल्यांकन समितिका सदस्य शिशिर कुमार खड्का, सोही पालिकामा कार्यरत अधिकृत छैठौं तथा खरिद मूल्यांकन समितिका सदस्य पिताम्बर पौडेल, सोही पालिकाका तत्कालिन सब-इन्जिनियर तथा खरिद मूल्यांकन समितिका सदस्य रही हाल प्राविधिक अधिकृत छैठौं पदमा कार्यरत मोतीलाल प्रसाद, पालिकाका तत्कालिन खरिदार तथा खरिद मूल्यांकन समितिका सदस्य सन्तोष तिवारी समेतले बोलपत्र मुल्यांकन गर्ने, प्रतिवेदन पेश गर्ने, शिफारिस गर्ने समेतका कार्यमा संलग्न रहेको देखिन्छ। सोही पालिकाका तत्कालिन लेखापाल जीवन सोमै, असिस्टेन्ट सब इन्जिनियर प्राविधिक सहायक उज्जवल रावत र सोही पालिकाका तत्कालिन सहलेखापाल छविलाल सुनार मुल्यांकन समितिमा आमन्त्रित सदस्यको रुपमा उपस्थित भई निर्णयमा संलग्न रहेको देखिन्छ। यसै गरि न्यू हरि निर्माण सेवा सुर्खेतका प्रोपाइटर हरि बहादुर बुढा क्षेत्री र नवराज कन्सट्रक्सनका प्रोपाइट र नवराज ढकाल, एञ्जल कन्सट्रक्सन, वीरेन्द्रनगर-१०, सुर्खेतका प्रोपाइटर भिम बहादुर बुढा क्षेत्रीको हक समेतले मिलेमतो गरि ठेक्का साटफेर गरि कम दरमा ठेक्का लिई नगरपालिकालाई नोक्सानी पुर्याउने र आफू र अन्य प्रतिवादीहरुलाई फाईदा पुर्याउने कार्यमा संलग्न रहेको देखिन्छ।यसरी प्रतिवादीको बदनियतपुर्ण कार्यबाट नै नगरपालिकालाई राजस्व नोक्सानी पुर्याउने मनसाय तत्व पुष्टि भई भई रहेको अवस्था देखिदा देखिदै उक्त तथ्य प्रमाणलाई नजर अन्दाज गरि प्रतिवादीहरु सवै जनालई आरोप दावीवाट सफाई हुने ठहर गरि भएको फैसला सम्मानित सर्वोच्च अदालतबाट सार्जन पाण्डे विरुद्ध नेपाल सरकार भएको सर्वोच्च अदालत वुलेटिन,वर्ष १८,अंक १५,मंसिर २०६६,पूर्णाङ्क ४१७,पृष्ठ १९मा प्रतिपादित नजिर सिद्धान्त समेतको प्रतिकुल देखिदा उक्त फैसला बदर गरि प्रतिवादीहरुलाइ रोप दावी बमोजिम सजाय गरि पाउँ।<br>**अत:** माथि विवेचित आधार प्रमाणहरुवाट भेरीगंगा नगरपालिकाका तत्कालिन प्रमुख प्रशासकीय अधिकृत कमल प्रसाद पौडेल, लेखा अधिकृत मान बहादुर ठाडा मगर, ईन्जिनियर बिजय कुमार खत्री, सब ईन्जिनियर मोतिलाल प्रसाद, योजना अधिकृत शिशिर कुमार खडका, प्रशासकिय अधिकृत पिताम्बर पौडेल, प्राविधिक सहायक उज्जवल रावत, खरिदार सन्तोष तिवारी, लेखापाल जीवन सोमै, सहलेखापाल छविलाल सुनार, न्यू हरि निर्माण सेवा सुर्खेतका प्रोपाइटर हरि बहादुर बुढा क्षेत्री, नवराज कन्सट्रक्सनका प्रोपाइटर नवराज ढकाल, एञ्जल कन्सट्रक्सन, वीरेन्द्रनगर-१०, सुर्खेतका प्रोपाइटर भिम बहादुर बुढा क्षेत्रीसमेतको आपसी मिलोमतो तथा योजनामा मूल्यांकन समितिको कानून विपरित निर्णय, त्रुटिपूर्ण सम्झौता, समयमा धरौटि जफत नगर्नु , एउटा ठेक्का ईन्कार गर्नेलाई अर्को ठेक्काको अवसर दिनु र कालोसूचिमा राख्न सकिने प्रकृया अगाडी नबढाई कानून विपरित ठेक्का मिलेमतोमा साटफेर गरि गराई आरोप पत्रको तालिका नम्बर ७ मा उल्लेख भए अनुसार रु.३६,७८,५४३।२४ (अक्षेरुपी छतिस लाख अठहत्तर हजार पाँच सय त्रिचालिस रुपैयाँ चौबिस पैसा) बराबरको राजश्व रकम हानि नोक्सानी गरी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अन्तर्गतको कसुरजन्य कार्य गरेको तथ्य पुष्टि हुन आएकोले प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको उक्त फैसला बदर गरि निज प्रतिवादीहरुलाई आरोपदावी बमोजिम सजाय गरि पाउँन सादर अनुरोध छ। |